वैठक संख्या - १२

आज मिति २०७८ साल माघ महिनाको २८ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको वैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री आशिष चौधरी | |

आमन्त्रित :-

श्री प्रेम प्रकाश दाहाल, योजना शाखा प्रमुख

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं, लेखा

श्री पुनाराम शर्मा, अधिकृतस्तर छैठौं, सा.प्र.

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

## बैठक संख्या : १२

मिति २०७९/१०/२९ गतेको गाउँकार्यपालिका १२ औं बैठकका प्रस्तावहरू

**प्रस्ताब नम्बर १.** तराई मधेश संम्बृद्धि कार्यक्रमका लागि माग गर्ने योजनाको विवरण र सो को लगत ईस्टिमेट सहित माग पठाउने सम्बन्धमा ।

**प्रस्ताब नम्बर २.** गढवा गाउँपालिकाको बहुबर्षिय योजना बैङ्क निर्माण र सो को लागि टोल, बस्ती तथा वडा तहबाट योजना छनौट सम्बन्धमा ।

**प्रस्ताब नम्बर ३.** गढवा गाउँपालिका अन्र्तगत विपदका घटनाहरू व्यवस्थापनका लागि प्रयोग भएको ईन्धनको भुक्तानी सम्बन्धमा ।

**प्रस्ताब नम्बर ४.** फाल्गुन ११ गतेदेखि सुरू हुन गईरहेको हात्तिपाईले रोग विरूद्धको आम औषधी सेवन कार्यक्रममा जनप्रतिनिधिहरूले औषधी खाएर कार्यक्रम सुरूवात गर्ने सम्बन्धमा ।

**प्रस्ताब नम्बर ५** गढवा गाउँपालिका अन्र्तगत भएका विभिन्न विपद सम्बन्धी योजनाहरूको समर्थनका साथै भुक्तानी बाँकी रहेका योजनाको भुक्तानी सम्बन्धमा ।

**प्रस्ताब नम्बर ६.** गढवा गाउँपालिका अन्र्तगत सरस्वति उ.मा.वि. विद्यानगरमा भवन निर्माण कार्यको रेखदेखका लागि डोर हाजिरीमा एक जना प्राविधिक राखिएकोमा सो को समर्थन तथा उठैया-खजरौटा रोडको रेखदेखका लागि थप एक प्राविधिक जना डोर हाजिरमा खटाउने सम्बन्धमा ।

**प्रस्ताब नम्बर ७.** नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा । (जफत गरेको ढुङ्गा विक्रि सम्बन्धमा ।)

**प्रस्ताब नम्बर ८.** जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास तालिमको मिति तय गर्ने सम्बन्धमा ।

**प्रस्ताब नम्बर ९.** महिला तथा बालबालिका शाखाको कार्ययोजना सम्बन्धमा ।

**प्रस्ताब नम्बर १०.** प्रदेश स्थापना दिवस (फाल्गुन २ गते) को अवसरमा चोकचोकमा सरसफाई कार्यक्रम संचालन सम्बन्धमा ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

**प्रस्ताव नम्बर ११.** यस गाउँकार्यपालिकाको कार्यालयमा पर्न आएका निवेदन सम्बन्धमा ।

१. अवधि संस्कृतीसँग सम्बन्धित गुडीया नागपञ्चमी कार्यक्रमको भुक्तानी सम्बन्धमा ।

२. गढवा गाउँपालिका अर्न्तगतका विभिन्न अशक्त, असहाय, विपन्न, दिर्घरोगी, व्यक्तिहरूलाई गरिएको आर्थिक सहयोगको समर्थन सम्बन्धमा ।

३. गढवा ६ थानदेउखरमा रहेको शिव मन्दीरको मर्मत संभार सम्बन्धमा ।

**प्रस्ताव नम्बर १२.** विविध सम्बन्धमा ।

१. जनयुद्ध दिवश मनाउने सम्बन्धमा ।

२. कोईलाबास स्थित सशस्त्र प्रहरी सिमा सुरक्षा बलको नवनिर्मित भवनमा आवश्यक एक थान मोटर उपलब्ध गराउने सम्बन्धमा ।

३. गढवा गाउँपालिका अर्न्तगतका कर्मचारीहरूले पाउने ईन्धन तथा सवारीसाधन सुविधा सम्बन्धमा ।

४. अनलाईन तथा कागजी पत्र पत्रिकाहरूले बिना कुनै जानकारी, बिना सम्झौता गाउँपालिकांको तर्फबाट विज्ञापन, शुभ-कामना आदी प्रकाशन गर्ने र एकैपटक सो को बिल पेश गर्ने बेथितीको नियन्त्रण सम्बन्धमा ।

५. गत आ.व.हरूका महालेखा परिक्षकको लेखा परिक्षण प्रतिवेदनमा उल्लेख गरिएको बेरूजु सम्बन्धमा ।

**प्रस्ताव नम्बर १. तराई मधेश सम्बृद्धि कार्यक्रमका लागि माग गर्ने योजनाको विवरण र सो को लगत ईस्टिमेट सहित माग पठाउने सम्बन्धमा ।**

**निर्णय नम्बर १ :** यस गढवा गाउँपालिकामा आगामी आ.व. २०८०/०८१ का लागि तराई मधेश सम्बृद्धि कार्यक्रमका लागि तपशिल बमोजिमका योजनाहरू माग गर्ने निर्णय गरियो ।

१. गढवा-५ मगहरीमा बहु-सांस्कृतिक संग्रहालय निर्माण

२. गढवा-१, गोबरडिहा स्वास्थ्य चौकीमा ईमरजेन्सी स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक भवन निर्माण

३. गढवा-७, चम्बोलामा प्राकृतिक ताल निर्माण तथा त्यहाँस्थित सिमसार क्षेत्रको संरक्षण कार्यक्रम

४. गढवा-८, कोईलाबासमा खानेपानी योजना

५. गढवा-८, कोईलाबासमा कोईलाबास खोलाको वाल निर्माण

६. गढवा-२, महदेवा-चिमचिमे सडक कालोपत्रे

यम नारायण शर्मा पोखेल
अध्यक्ष

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

**प्रस्ताव नम्बर २. गढवा गाउँपालिकाको बहुबर्षिय योजना बैङ्क निर्माण र सो को लागि टोल, बस्ती तथा वडा तहबाट योजना छनौट सम्बन्धमा ।**

**निर्णय नम्बर २ :** प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको विकास निर्माण कार्यलाई थप व्यवस्थित र योजनाबद्ध बनाउनका लागि गढवा गाउँपालिकाको "योजना बैङ्क" निर्माण गर्ने र संघ, प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभागहरूमा माग गरिने योजनाहरू, संघ तथा प्रदेश समपुरक योजनाहरू, समानिकरण तथा विशेष अनुदान अर्न्तगत माग गरिने योजना तथा कार्यक्रमहरू सोही योजना बैङ्कमा रहेका वडागत तथा गाउँपालिकास्तरिय योजना तथा कार्यक्रमहरूको प्राथमिकता क्रमका आधारमा माग गर्ने तथा गाउँपालिकाको योजना निर्माण चरणमा समेत योजना बैङ्कबाट योजना छनौट गर्ने र उक्त योजना बैङ्क निर्माणका लागि गाउँपालिका अर्न्तगतका सम्पूर्ण वडा स्थित आवश्यक्ता, लागत, सम्भावनाका आधारमा आगामी ५ वर्षमा आवश्यक पर्ने योजनाहरूको प्राथमिकता निर्धारण गरि यही फाल्गुन १५ सम्म सबै वडाबाट सिफारिस गरि गाउँकार्यपालिकाको कार्यालयमा पेश गरिसक्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ३. गढवा गाउँपालिका अर्न्तगत विपदका घटनाहरू व्यवस्थापनका लागि प्रयोग भएको ईन्धनको भुक्तानी सम्बन्धमा ।**

**निर्णय नम्बर ३ :** प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा गढवा गाउँपालिकामा गत असोज महिनामा आएको भिषण वर्षातका कारण पहिरो जाँदा महेन्द्र राजमार्ग खण्डमा पहिरो गई सवारी आवागमन नै अवरूद्ध भएकोमा उक्त पहिरो हटाउने कार्यका लागि गाउँपालिकाको तर्फबाट जे.सि.बी. प्रयोग गर्दा मौखिक आदेश मार्फत ईन्धन उपलब्ध गराईएकोमा सो को समर्थन गरि बिल बमोजिमको ईन्धनको भुक्तानी दिने साथै विभिन्न वडाहरूमा भएका विपदका घटनाहरूको व्यवस्थापन सन्दर्भमा तत्कालका लागि गाउँपालिकाको तर्फबाट कुप्पन काटि ईन्धन उपलब्ध गराईएकोमा पछि उक्त विपद सम्बन्धी योजनाहरूको कार्यसम्पन्न पश्चात भुक्तानीका लागि प्राविधिक लगत ईस्टिमेटमा ईन्धन उल्लेख गरि योजनाको एकमुष्ट भुक्तानी दिदा ईन्धन पनि समावेश भएकोले गाउँपालिकाको तर्फबाट कार्यसहजिकरणका लागि उपलब्ध गराईएको ईन्धनको कुप्पन बमोजिमको बिल ईन्धन प्रदायकले गाउँपालिकामा भुक्तानी पाउँ भनि पेश गरेकोमा सो को भुक्तानी सम्बन्धीत विपद सम्बन्धी उपभोक्ता समितिले नै गर्नुपर्ने भएकोले उक्त विपद सम्बन्धी उपभोक्ता समितिहरूलाई पत्राचार गर्ने र भुक्तानी दिन बाँकी रहेको योजनाहरूको हकमा उपलब्ध गराईएको कुप्पन बमोजिमको ईन्धनको मूल्य घटाएर विपद सम्बन्धी योजनाको भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ४. फाल्गुन ११ गतेदेखि सुरू हुन गईरहेको हात्तिपाईले रोग विरूद्धको आम औषधी सेवन कार्यक्रममा जनप्रतिनिधिहरूले औषधी खाएर कार्यक्रम सुरूवात गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर ४ :** प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यही फाल्गुन महिनाको ११ गतेदेखि सुरू हुन गईरहेको हात्तिपाईले रोग विरूद्धको आम औषधी सेवन कार्यक्रमलाई सफल बनाई औषधी सेवन दर ८० प्रतिशत भन्दा माथि पुऱ्याउनका लागि आम जनमानसमा औषधी सेवनका सम्बन्धमा रहेका गलत बुझाईहरूलाई मेटाई रोग विरूद्ध लड्न सजक र सचेत तुल्याउनका लागि प्रत्येक वडाबाट सुरू हुने औषधी सेवन कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्वास्थ्यकर्मीहरूले औषधी खान सुरूवात गरि औषधी सेवनमा उत्साह बढाउने साथै केन्द्रको सरकारको मूल्याङ्कनको सूचकहरूको आधारमा

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

हात्तिपाईले रोग विरूद्धको विभिन्न गतिविधीहरूमा उत्कृष्ट अङ्क प्राप्त गर्ने गढवा गाउँपालिका अर्न्तगतको एक वटा स्वास्थ्य संस्थालाई पुरस्कृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ५ गढवा गाउँपालिका अर्न्तगत भएका विभिन्न विपद सम्बन्धी योजनाहरूको समर्थनका साथै भुक्तानी बाँकी रहेका योजनाको भुक्तानी सम्बन्धमा ।**

**निर्णय नम्बर ५ :** प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा गढवा गाउँपालिकामा पर्न गएका विभिन्न विपदका घटनाहरूमा विपद व्यवस्थापन समितिको निर्णयानुसार कामकाज तथा व्यवस्थापन कार्य सम्पन्न गरि सो को भुक्तानी समेत भएकोमा तपशिल बमोजिमका योजनाहरूमा भएको उक्त भुक्तानीको समर्थन गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | योजनाको नाम | ठेगाना | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वडाका विभिन्न भित्री बाटोको खाल्डा खुल्डी पुर्ने ग्राबेल | गढवा ४ | ३,९७,४००/- | |
| २ | धैरेनी पश्चिम कर्फाल खोला कटान नियन्त्रण | गढवा ३ | १,५९,०००/- | |
| ३ | सुपैला गाउँको कुटि खोला तथा बुके खोला कटान रोकथाम | गढवा ३ | १,५९,०००/- | |
| ४ | खबरी खोला नियन्त्रण | गढवा ६ | १,५०,०००/- | |
| ५ | बनघुस्री खोला बाटो तथा कुमाल टोल पानी निकास | गढवा ६ | १,००,०००/- | |
| ६ | विपद व्यवस्थापन समितिले छनौट गरेका वडा नम्बर ५ अर्न्तगतका विपदका योजनाहरू | गढवा ५ | ६,०२,३००/- | |
| ७ | विपद व्यवस्थापन समितिले छनौट गरेका वडा नम्बर २ अर्न्तगतका विपदका योजनाहरू | गढवा २ | ३,९७,०००/- | |
| ८ | दङ्गाली छाप कुलो सोहोर्ने योजना | गढवा ५ | ५०,१९०/- | |
| ९ | कञ्जहवा खोला, गुरूङ खोला विपद व्यवस्थापन नियन्त्रण | गढवा ७ | ४,४०,०००/- | |
| १० | दङ्गाली कुलोको कल्भर्ट नेर तटबन्धन (ग्याबिन भर्ने काम) | गढवा ६ | १,४७,९००/- | |
| ११ | विपद व्यवस्थापन समितिले छनौट गरेका वडा नम्बर ६ अर्न्तगतका विपदका योजना (बाटो पुन निर्माण तथा मर्मत कार्य) | गढवा ६ | ४,१९,५५०/- | |
| १२ | विनोद वि.क.को घरदेखि पश्चिम जर्नेल खोला तटबन्धन | गढवा ४ | १,२५,२००/- | |
| १३ | गाँहरी, गन्जाडिया रोकथाम तटबन्धन | गढवा ३ | ७४,१००/- | |
| १४ | विपद व्यवस्थापन समितिले छनौट गरेका वडा नम्बर ५ अर्न्तगतका विपदका योजनाहरू | गढवा ५ | २,७१,८००/- | |
| १५ | विभिन्न टोलको बाटो मर्मत तथा चन्दनपुर रजकुलियामा कुलो नियन्त्रण | गढवा ७ | ६,८८,०००/- | |
| १६ | सुपैला खोला, कफली खोला, रतनपुर कफली खोला, गोबरडिहा भुल्के खोला, धैरेनी खोला नियन्त्रण तथा बाटो मर्मत | गढवा ३ | ४,०६,२००/- | |
| १७ | परस्पुर बिन्देश्वर चौधरी घर देखि चुडामणिको घरसम्म खाल्डा पुर्ने, मस्जिद देखि दङ्गाली कुलो सम्म खाल्डो पुर्ने, हरि बाँगाटको घरदेखि सुपैला खोलासम्म बाटो मर्मत | गढवा ३ | २,९३,९००/- | |

साथै भुक्तानी दिन बाँकी रहेका योजनाको हकमा विपद व्यवस्थापन समितिको सिफारिस भई आएमा सोही बमोजिम भुक्तानी दिने र सो को विवरण आउँदो गाउँकार्यपालिकाको बैठकमा पेश गर्न लगाउने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

**प्रस्ताव नम्बर ६.** गढवा गाउँपालिका अर्न्तगत सरस्वति उ.मा.वि. विद्यानगरमा भवन निर्माण कार्यको रेखदेखका लागि डोर हाजिरीमा एक जना प्राविधिक राखिएकोमा सो को समर्थन तथा उठैया-खजरौटा रोडको रेखदेखका लागि थप एक प्राविधिक जना डोर हाजिरमा खटाउने सम्बन्धमा ।

**निर्णय नम्बर ६ :** प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस गढवा गाउँपालिका वडा नम्बर ३ स्थित सरस्वति माध्यमिक विद्यालयको बन्दै गरेको नयाँ भवनको भौतिक संरचनाको नियमित रेखदेख तथा प्राविधिक रूपमा निगरानी गर्नका लागि तत्काल प्राविधिक खटाउनुपर्ने आवश्यक्ता देखिएकोले दैनिक डोर हाजिरमा सहायकस्तर पाँचौ तहको मासिक तलब सुबिधा बमोजिम दैनिक पारिश्रमिक भुक्तानी दिनेगरि कामकाज गर्न गढवा १ निवासी सब ओभरसियर श्री हरि प्रसाद पौडेललाई मिति २०७९/०८/२५ गतेदेखि कामकाजमा खटाईएकोमा सो को समर्थन गर्ने र निजको पारिश्रमिकको भुक्तानी उक्त योजनाको कन्टीन्जेन्सी रकमबाट उपलब्ध गराउने साथै उठैया-खजरौटा सडक निर्माण कार्यका लागि त्यहाँ निर्माण हुने भौतिक संरचनाको नियमित रेखदेख तथा प्राविधिक रूपमा निगरानी गर्नका लागि तत्काल प्राविधिक खटाउनुपर्ने आवश्यक्ता देखिएकोले दैनिक डोर हाजिरमा सहायकस्तर पाँचौ तहको मासिक तलब सुविधा बमोजिम दैनिक पारिश्रमिक भुक्तानी दिनेगरि कामकाज गर्न ओभरसियरलाई खटाउने र सो को भुक्तानी उक्त योजनाको कन्टीन्जेन्सी रकमबाट उपलब्ध गराउने गरि कामकाजमा लगाउने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ७.** नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा । (जफत गरेको ढुङ्गा विक्रि सम्बन्धमा ।)

**निर्णय नम्बर ७ :** प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा यस गढवा गाउँपालिका अर्न्तगत वडा नम्बर १, २ र ३ मा पर्ने राप्ती नदि किनार क्षेत्रमा अबैध रूपमा उत्खनन् गरि नदिमै थुप्रो पारि राखेको ढुङ्गाहरू वडा कार्यालयको सक्रियतामा त्यहाँबाट उठाएर केही सहज स्थानहरूको ढुङ्गा वडा कार्यालयको निगरानी हुने गाउँक्षेत्रका सार्वजनिक जग्गामा डम्पिङ्ग गरिएको र केही असहज स्थानहरूको ढुङ्गा राप्ती नदि क्षेत्रकै बगरको सुरक्षित स्थानमा डम्पिङ्ग गरिएकोमा प्रचलित नियमानुसारको रोयल्टी साथै गढवा गाउँपालिकाबाट जफत कार्यमा प्रयोग गरिएका साधनहरूको भाडा, श्रमिकहरूको ज्याला समेत तथा कार्यक्रमको विविध खर्च समेटेर उक्त नदिजन्य पदार्थ ८० घन फिट अट्ने टेक्टरको औषत आयतन मानि उक्त संकलित ढुङ्गा मध्ये नदिको बगरमा डम्पिङ्ग गरिएको ढुङ्गाको हकमा प्रति टिप रू २२०० का दरले विक्रि गर्ने यस अघिको गाउँकार्यपालिकाको निर्णय भईसकेकोमा गाउँक्षेत्रमा सार्वजनिक स्थानमा डम्पिङ्ग गरिएको ढुङ्गाको हकमा केही पिडित विपन्न व्यक्तिहरूको घरायसी प्रयोजनको लागि प्रतिटिप रू २,००० का दरले, उपभोक्ता समिति गठन गरि योजना कार्यान्वयनका लागि आवश्यक परेको खण्डमा ईस्टिमेटमा उल्लेखित परिमाण मात्रका लागि प्रतिटिप रू २,००० का दरले र अन्य व्यक्तिहरूले जुनसुकै प्रयोजनका लागि माग गर्न आएमा प्रतिटिप रू २,५०० का दरले विक्री गर्ने साथै विक्रि कार्यका लागि वडा कार्यालयहरूलाई जिम्मेवारी दिई सो सम्बन्धमा पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ८.** जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास तालिमको मिति तय गर्ने सम्बन्धमा ।

**निर्णय नम्बर ८ :** प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाका जनप्रतिनिधिहरू ( कार्यपालिका सदस्य), वडामा कामकाज गर्ने वडा सचिवहरू तथा गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत शाखा प्रमुखहरूलाई लक्षित गरि सेवा प्रवाह, सुशासनसँग सम्बन्धीत विभिन्न विषयवस्तुहरू समेटेर आयोजना गरिएको क्षमता विकास तालिम कार्यक्रम यही फाल्गुन महिनाको १९, २० र २१ गतेका दिन संचालन गर्ने निर्णय गरियो र सोही बमोजिम LDTA लाई पत्राचार गर्ने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश

CamScanner

**प्रस्ताव नम्बर ९. महिला तथा बालबालिका शाखाको कार्ययोजना सम्बन्धमा ।**

**निर्णय नम्बर ९ :** प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको आ.व. २०७९/०८० का लागि विनियोजित महिला तथा बालबालिका शाखा अन्तर्गतका योजना तथा कार्यक्रमहरूको तपशिल बमोजिमको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल :

**आ.व. २०७९/०८० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका कार्यक्रमहरु**

| कार्यालयबाट संचालन गरिने कार्यक्रम | | | | संघ संस्थालाई संचालन गर्न दिइने कार्यक्रम | | | |
|---|---|---|---|---|---|---|---|
| कार्यक्रमको नाम | बजेट | समय/महिना | स्थान | कार्यक्रमको नाम | बजेट | समय/महिना | स्थान |
| जाल र पेरुङ्गो सम्बन्धी कार्यक्रम (कमाल समुदायको लागि) | १५००००।०० | फागुन/चैत | वडा न. १ | दलित तर्फ : सीप विकास आयमुलक कार्यक्रम | २०००००।०० | फागुण/चैत्र | वडा न. ३ |
| महिला तर्फ : एकल महिलाहरुलाई कुसन एवं खेलौना वनाउने तालिम | १५००००।०० | फागुण/चैत | वडा न. २,३ र ४ | थाकलको पातबाट निर्माण गरिने सजावटका सामग्रीहरु र ढकिया बुनाइ तालिम कार्यक्रम | ४०००००।०० थाकलमा २,००,०००।- ढकियामा २,००,०००।- | फागुण/चैत्र | थाकल वडा न १ र २, ढकिया वडा न.३,४र ५ |
| अपांगता भएका व्यक्तिहरुलाई सहायक सामग्री वितरण | २०००००।०० | तत्काल गर्ने | सबै वडामा | महिला तर्फ : स्वीटर बुन्ने तालिम कार्यक्रम | ३५००००।०० | फागुण/चैत्र | वडा न. ६ र ७ |
| अपांग तर्फ : अपांगता भएका व्यक्तिहरु (ग र घ) लागि सिपमुलक तालिम तथा प्रविधि हस्तान्तरण तालिम | २५००००।०० | फागुन चैत्र | वडा न. ५,६ र ७ | दलित तर्फ : दलित सशक्तिकरण कार्यकम | १०००००।०० | चैत्र | वडा न. ४ र ५ |
| महिला तर्फ : गर्भवती विशेष सासू, बुहारी र छोरा अन्तरकिया कार्यक्रम ( स्वयंसेविकाहरुले आमा समूहमा संचालन गर्ने) | २०००००।०० | वैशाख | सबै वडा | दलित तर्फ : जातिय भेदभावविरुद्धको कानूनी सचेतनामुलक कार्यक्रम | ५००००।०० | चैत्र | वडा न. ६ |
| बालबालिका तर्फ : बालविवाह, बालश्रम, बाल अधिकार, लागू औषध दुर्व्यसनीविरुद्ध सचेतनामुलक कार्यक्रम | २०००००।०० | चैत्र/वैशाख | वडा न. १ को मा. वि., वडा न.३ मा. वि., वडा न. ५ को मा. वि., वडा न. ७ को | दलित तर्फ : दलित उत्थानको लागि कार्ययोजना निर्माण | ५००००।०० | चैत्र | पालिका |

प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | मा.वि. | | | | |
| महिला तर्फ : सेवाग्राही तथा महिला कर्मचारीहरुका लागि सेनिटरी प्याड वितरण कार्यक्रम | ५००००।०० | तत्काल | पालिकामा | बालबालिका तर्फ : बालमैत्री घोषणा सम्बन्धी कार्यक्रम | ६७०००००।०० | फागुण-असार | वडा न. १ र २ |
| बालबालिका तर्फ : किशोर किशोरीहरुलाई उद्घोषण तालिम | २०००००।०० | फागुन चैत्र | पालिकामा | महिला तर्फ : सेफ हाउस संचालन कार्यक्रम संघसंस्थाको सहकार्यमा | १५०००००।०० | फागुण-असार | गाउँपालिकामा |
| महिला तर्फ : घरेलु हिंसा, लैंगिक हिंसा तथा मानव बेचविखन सम्बन्धी सचेतनामूलक कार्यक्रम | १६००००।०० खर्च भएको ८५,९००।- बाँकी बजेट ७४,१००।- | बैशाख | वडा न.८, वडा न. ४र ५ मा | मधेशी मुस्लिम पिछडा : मधेशी समुदायको लागि सीपमूलक आयमुलक कार्यक्रम | ३०००००।०० वडा न. २ र ३ को लागि १,००,०००।- वडा न. ४,५ र६को लागि १,५०,०००।- वडा न. ८ ५०,०००।- | फागुण/ चैत्र | वडा न. २ र ३, वडा न. ४, ५ र ६ र वडा न. ८ |
| वालवालिका तर्फ : जीवनोपयोगी सीप विकास तालिम वालवालिकाहरुका लागि (साविक गोवरडिहा, गंगापस्पुर, गढवा, कोइलावास) | २०००००।०० | चैत्र/ वैशाख | वडा कार्यालय( गोबरडिहा, गंगापस्पुर, गढवा, कोइलाबास) | मधेशी मुस्लिम पिछडा : मधेशी सशक्तिकरण कार्यक्रम | १०००००।०० | वैशाख | वडा न. २, र ६ |
| महिला तर्फ : नारी दिवस लगायत दिवसीय कार्यक्रम | १०००००।०० | फागुण | वडा न. ४ | मधेशी मुस्लिम पिछडा : मुस्लिम सशक्तिकरण कार्यक्रम | १०००००।०० | वैशाख | वडा न. ४ र ८ |
| महिला तर्फ : नारी दिवस लगायत दिवसीय कार्यक्रम | १०००००।०० | फागुण | वडा न. ४ | मधेशी मुस्लिम पिछडा : मुस्लिम समुदायको लागि सिपमुलक आयमुलक कार्यक्रम | ३०००००।०० वडा न. ४,५र ६ को लागि २,२५,०००।- वडा न. ८ ७५,०००।- | फागुण चैत्र | वडा न. ४,५र ६, वडा न. ८ |
| | | | | आदिवासी जनजाति तर्फ : सस्कृति जगेर्ना अडियो भिडियो निर्माण कार्यक्रम | ३०००००।०० | वैशाख | पालिका भरी |
| जम्मा | १७,७४,१००।- | | | | ३०,७०,०००।- | . | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नम्बर १०. प्रदेश स्थापना दिवस (फाल्गुन २ गते) को अवसरमा चोकचोकमा सरसफाई कार्यक्रम संचालन सम्बन्धमा ।**

**निर्णय नम्बर १० :** प्रस्ताव नम्बर १० उपर छलफल गर्दा प्रत्येक वर्ष फाल्गुन ३ गतेका दिन पर्ने प्रदेश स्थापना दिवशको पूर्वसन्ध्यामा मिति २०७९/११/०२ गतेका दिन विहान ८ बजेदेखि यस गढवा गाउँपालिकाका सम्पूर्ण वडा कार्यालयहरूको अग्रसरतामा स्वास्थ्य संस्थाहरू, विद्यालयहरू, सुरक्षाकर्मीहरू, स्वास्थ्य स्वंयसेबिकाहरू, स्थानीयहरू जनताहरू लगाएतको उपस्थितीमा मुख्य मुख्य सार्वजनिक स्थलहरू, बाटोको मुख्य चोकहरूमा सरसफाइ कार्यक्रम आयोजना गर्ने र यस गाउँकार्यपालिकाको कार्यालयबाट समेत सोही बमोजिम जम्मा भई सरसफाईको कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ११. यस गाउँकार्यपालिकाको कार्यालयमा पर्न आएका निवेदन सम्बन्धमा ।**

**निर्णय नम्बर ११ :** प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा

१. अवधि संस्कृतीसँग सम्बन्धित गुडीया नागपञ्चमी कार्यक्रमको भुक्तानी सम्बन्धमा ।

१. यस गढवा गाउँपालिका वडा नम्बर ६ स्थित केन्द्रिय कार्यालय रहेको नेपाल अवधी संस्कृति संरक्षण प्रतिष्ठानले अवधी संस्कृति सम्बन्धी कार्यक्रम संचालन गरेकोमा सो शीर्षकमा बजेट विनियोजन नभएकोले यस गढवा गाउँपालिकाको चालु आ.व. २०७९/०८० को महिला तथा बालबालिका शाखाको लक्षित बर्गमा मधेशी तर्फ विनियोजित कार्यक्रम अर्न्तगत मधेशी सशक्तिकरण कार्यक्रम शीर्षकमा विनियोजित रू १ लाख मध्येबाट कुल कार्यक्रमको बजेट रू ५८,४२०।- को कार्यक्रम आयोजना, संचालन तथा सम्पन्न गरेकोमा गढवा गाउँपालिकाको लागत साझेदारीको नीति बमोजिम उक्त संस्थाले न्युनतम बेहोर्नुपर्ने ३० प्रतिशतको दरले कम्तिमा रू १७,५२६।- र गढवा गाउँपालिकाले अधिकतम बेहोर्नुपर्ने ७० प्रतिशतका दरले बढिमा रू ४०,८९४।- हुने भएकोले सोही बमोजिम अधिकतम ४०,८९४।- उक्त संस्थालाई भुक्तानी दिने निर्णय गरियो ।

२. गढवा गाउँपालिका अर्न्तगतका विभिन्न अशक्त, असहाय, विपन्न, दिर्घरोगी, व्यक्तिहरूलाई गरिएको आर्थिक सहयोगको समर्थन सम्बन्धमा ।

२. यस गढवा गाउँपालिकाको मिति यस गढवा गाउँपालिकामा विभिन्न प्रकृतिका अशक्तता, असमर्थता तथा आवश्यक्ताका आधारमा आर्थिक हिसाबले विपन्न वर्ग, क्षेत्र वा समुदायका व्यक्तिहरूबाट माग भई आउने, सार्वजनिक महत्वको विषयमा माग भई आउने, औषधी उपचारका लागि माग भई आउने, अत्यन्त विपन्न भई खान लाउन तथा बाल बच्चाको लालनपालनमा समस्या भएर माग भई आउने साथै परिस्थिती अनुसार अन्य यस्तै प्रकृतिका आर्थिक सहयोगका निवेदनहरू सम्बन्धमा समयमा आवश्यक सहयोग गर्न तथा गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोगलाई प्रभावकारी तथा छरितो बनाउनका लागि वडा कार्यालयको सिफारिस भई आएमा गाउँपालिका अध्यक्षको तोक आदेशमा गढवा गाउँपालिकाको आर्थिक सहयोग कार्यविधि २०७८ को दायरामा रही बढिमा १० हजारसम्मको आर्थिक सहयोग तत्काल गर्ने भनि मिति २०७९/०४/०९ गतेको गाउँकार्यपालिकाको बैठकको निर्णय भएकोमा सोही बमोजिम गाउँपालिका अध्यक्ष ज्यूको तोक आदेशमा भएको तपशिल बमोजिमको आर्थिक सहयोगको समर्थन गर्ने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

तपशिल :

| क्र.सं. | नाम, ठेगाना, विवरण | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १ | ४ नम्बर वडाको एनुल बसर मुसलमानको हात भाँचिएको हुँदा उपचारको लागि | २,५००।- | |
| २ | ४ नम्बर वडाको नर बहादुर थापा क्षेत्रीको श्रीमतिको निधन भएको र निजको १ वर्ष मुनिको छोरा रहेकोमा छोरालाई दुध खुवाउन | १०,०००।- | |
| ३ | ४ नम्बर वडाको हरि नारायण चौधरीलाई प्यारालाईसिस रोग लागेको हुँदा उपचारको लागि | १०,०००।- | |
| ४ | ३ नम्बर वडाको श्रीराज चौधरीको बुवा पिलाराम चौधरी घरमा काठको काम गर्ने शिर्लाशिलामा मेसिनले बाँया खुट्टा गाहिरोसँग काटिएको हुँदा उपचारको लागि | १०,०००।- | |
| ५ | २ नम्बर वडाको चन्द्रा चौधरीको खुट्टामा क्यान्सर रोग लागेको हुँदा उपचारको लागि निजको श्रीमान देवमान चौधरीलाई | १०,०००।- | |
| ६ | ३ नम्बर वडाको निर्मला चौधरीलाई मुटुसम्बन्धी रोग लागेको हुँदा उपचारको लागि निजको श्रीमान श्यामलाल चौधरीलाई | १०,०००।- | |
| ७ | ५ नम्बर वडाको रबिलाल चौधरीलाई वडाको सिफारिस बमोजिम उपचार सहुलियत | ५,०००।- | |
| ८ | ४ नम्बर वडाको शेर अलि मुसलमानको प्यारालाईसिस रोगले दाहिने हात नचल्ने भएकोले उपचारमा सहुलियत | १०,०००।- | |
| ९ | ७ नम्बर वडाको चैनु प्रसाद चौधरीको छोरा प्रेम नारायण चौधरी जलेर ग्रसित भएको हुँदा उपचारको लागि निजको बाबुलाई सहयोग | १०,०००।- | |
| १० | ४ नम्बर वडाको दिनेश यादवलाई हर्निया भई बिरामी भएको हुँदा निजको बुवा मिन्तीराम यादवलाई उपचार खर्च उपलब्ध गराएको | १०,०००।- | |
| ११ | ३ नम्बर वडाको ईश्वरा खत्रीको छोरी संगिता क्षेत्रीको मृगौला सम्बन्धी रोग लागेकोले उपचार सहुलियत निजको आमालाई | १०,०००।- | |
| १२ | २ नम्बर वडाको जितराम चौधरीलाई प्यारालाईसिस रोग लागेको हुँदा निजको बहिनी ईन्दु चौधरीलाई उपचार बापत उपलब्ध | १०,०००।- | |
| १३ | ५ नम्बर वडाको तिरन बहादुर सेन क्यान्सर रोगबाट पिडित भएको हुँदा निजलाई आर्थिक सहुलियत उपलब्ध | १०,०००।- | |
| १४ | ४ नम्बर वडाको जगतराम यादवको छोरा राजकुमार यादव लामो समयसम्म बिरामी परेकोले निजको ठुलोबुवा कल्लुराम यादवलाई उपचार सहुलिएत खर्च बापत | १०,०००।- | |
| १५ | ६ नम्बर वडाको अजोध्या प्रसाद यादवको श्रीमति भानमति यादवलाई स्थानीय तह निर्वाचनको क्रममा मतदान केन्द्र भत्किदा गम्भिर चोट लागेकोले निजलाई उपचार खर्च बापत | १०,०००।- | |
| १६ | ६ नम्बर वडाको भरत नेपाली दमाईको बायाँ खुट्टाको नशा च्यापिएको हुँदा उपचार सहुलिएत खर्च बापत | १०,०००।- | |
| १७ | ६ नम्बर वडाको धिराउ यादवको छोरा अविनास यादव गम्भिर | १०,०००।- | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

| | | | |
|---|---|---|---|
| | विरामी भएकोले निजलार्य उपचार सहुलिएत वापत | | |
| १८ | ३ नम्बर वडाको किसन चौधरीको दुबै मृगौला खराब भएको हुँदा निजको बुवा हिङ्गलाल चौधरीलाई उपचार सहुलिएत | १०,०००।- | |
| १९ | ६ नम्बर वडाको घनश्याम वुढाथोकी नेत्रहिन भएको र आर्थिक स्थिती अत्यन्त कमजोर भएकोले आर्थिक सहयोग | ५,०००।- | |
| २० | ६ नम्बर वडाको दिन मोहमद मुसलमान लामो सयमदेखि बिरामी परेकोले निजको उपचारको लागि सहुलिएत वापत | ५,०००।- | |
| २१ | २ नम्बर वडाको हल्लु चौधरीको मुख, जिब्रो तथा घाँटी सम्बन्धी रोग लागेको हुँदा निजको छोरा प्रदिप चौधरीलाई उपचार सहयोग | १०,०००।- | |
| २२ | ६ नम्बर वडाको कमलादेबी आले मगरलाई नशा सम्बन्धी रोग लागेको हुँदा निजको श्रीमान शिवलाल आले मगरलाई उपचार सहयोग | १०,०००।- | |
| २३ | ४ नम्बर वडाको अच्युत ढुङ्गाना दुर्घटनामा परि बिरामी परेको हुँदा निजको श्रीमति शान्ता अधिकारी ढुङ्गानालाई उपचार सहयोग | १०,०००।- | |
| २४ | ३ नम्बर वडाको असारी कुमाल प्रेसरको कारण बिरामी भएको हुँदा उपचारको लागि निजको छोरा रिखी राम कुमाललाई सहयोग | १०,०००।- | |
| २५ | ४ नम्बर वडाको बिमला पोखेललाई पार्किन्स रोग लागेको हुँदा उपचारको लागि निजको छोरा गोविन्द पोखेललाई सहयोग | १०,०००।- | |
| २६ | ७ नम्बर वडाको हरिकला देबकोटाको हात भाँचिएको हुँदा उपचारको लागि आर्थिक सहुलिएत | १०,०००।- | |
| २७ | ५ नम्बर वडाको भगतराम चौधरीलाई गम्भिर रोग लागेको हुँदा उपचारको लागि निजको श्रीमति सिता चौधरीलाई आर्थिक सहयोग | १०,०००।- | |
| २८ | ५ नम्बर वडाको अमृता सुनारलाई गम्भिर रोग लागेको हुँदा उपचारको लागि निजको श्रीमान हर्क बहादुर सुनारलाई सहयोग | १०,०००।- | |
| २९ | ३ नम्बर वडाको चुरे रोका क्षेत्रीको खुट्टा सम्बन्धी समस्या भएकोले निजको उपचारको लागि आर्थिक सहयोग | १०,०००।- | |
| ३० | ४ नम्बर वडाको गिता कुमारी चौधरीको पाठेघरमा घाउ भएकोले उपचारको लागि निजलाई आर्थिक सहयोग | १०,०००।- | |
| ३१ | ६ नम्बर वडाको धङ्गतेनी पुन मगरलाई बोन म्यारो रोग लागेकोले उपचार सहयोगार्थ निजको बुहारी निर्मला पोखे (पुन)लाई आर्थिक सहुलियत । | १०,०००।- | |
| ३२ | विभिन्न वडाका विभिन्न किसिमका समस्या भएका विपन्न नागरिकहरू आशाराम चौधरी, बबिता चौधरी, दुबिकला आले, रिता चौधरी, ज्ञानु कुमारी चौधरी, सुरजमान चौधरी गरि ६ जनालाई जनही १०,०००।- का दरले आर्थिक सहयोग | ६०,०००।- | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

३. गढवा ६ थानदेउखरमा रहेको शिव मन्दीरको मर्मत संभार सम्बन्धमा ।

३. यस गढवा गाउँपालिका वडा नम्बर ६ थानदेउखरमा रहेको शिव मन्दिर जिर्ण अवस्थामा रहेको बुझिएकोले उक्त मन्दिरको जीर्णोद्धारको लागि प्राविधिक लगत ईस्टिमेट तयार गर्न लगाई सोही लगत ईस्टिमेट बमोजिम कामकाज गराई मठमन्दिरको जीर्णोद्धार/मर्मत संभार शीर्षकबाट व्ययभार पर्नेगरि उक्त मन्दिरको मर्मत संभार कार्य गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर १२. विविध सम्बन्धमा ।**

**निर्णय नम्बर १२ :** प्रस्ताब नम्बर १२ उपर छलफल गर्दा तपशिल बमोजिमका विविध विषयमा तपशिल बमोजिम निर्णयहरू गरियो ।

१. जनयुद्ध दिवश मनाउने सम्बन्धमा ।

१. नेपाल सरकारको मिति २०७९/१०/२९ गतेको मन्त्रीपरिषद्को निर्णयानुसार फाल्गुन १ गतेका दिन जनयुद्ध दिवशको रूपमा सार्वजनिक बिदा दिने निर्णय गरेकोले सोही बमोजिम यस गढवा गाउँपालिकामा समेत जनयुद्ध दिवशको अवसरमा एक कार्यक्रम गरि शहिद परिवारलाई सम्मान गर्ने निर्णय गरियो ।

२. कोईलाबास स्थित सशस्त्र प्रहरी सिमा सुरक्षा बलको नवनिर्मित भवनमा आवश्यक एक थान मोटर उपलब्ध गराउने सम्वन्धमा ।

२. यस गढवा गाउँपालिका वडा नम्बर ८ स्थित कोईलाबासमा रहेको सशस्त्र प्रहरी सिमा सुरक्षा बलको साबिकको कार्यालयबाट हाल नवनिर्मित भवनमा स्थानान्तरण गर्ने कार्यक्रम रहेको बुझिएकोमा उक्त नयाँ भवन निर्माण भएको स्थानमा पानीको समस्या देखिएकोले उक्त समस्या समाधानका लागि उक्त कार्यालयलाई एक थान मोटर गाउँकार्यपालिकाको तर्फबाट खरिद गरि उपलब्ध गराउने निर्णय गरियो ।

३. गढवा गाउँपालिका अर्न्तगतका कर्मचारीहरूले पाउने ईन्धन तथा सवारीसाधन सुविधा सम्बन्धमा ।

३. गढवा गाउँपालिका अर्न्तगत गाउँकार्यपालिका, वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीहरूलाई उपलब्ध गराउने सवारी साधनको सुविधा, ईन्धनको सुविधा सम्वन्धमा हालसम्म आवश्यकत्ता र औचित्यताको आधारमा प्रदान गर्दै आईरहेको तर कुनै ठोस खाका नभएकोले यस गढवा गाउँपालिकाको गढवा गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को संशोधन गरि ईन्धन र सवारी सम्बन्धी व्यवस्था लगाएतका अन्य विविन्न समसामयिक व्यवस्थाहरू थप गर्नुपर्ने भएकोले सो सम्बन्धी आवश्यक तयारी गरि आउँदो गाउँकार्यपालिकाको बैठकमा पेश गर्नका लागि यस गाउँकार्यपालिका अर्न्तगनको विधेयक समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

४. अनलाईन तथा कागजी पत्र पत्रिकाहरूले बिना कुनै जानकारी, बिना सम्झौता गाउँपालिकाको तर्फबाट विज्ञापन, शुभ-कामना आदी प्रकाशन गर्ने र एकैपटक सो को बिल पेश गर्ने बेथितीको नियन्त्रण सम्बन्धमा ।

४. यस गढवा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा हाल विभिन्न मिडियाले एक्कासी बिल ल्याउने र भुक्तानीको निबेदन पेश गर्ने प्रवृतिले गाउँपालिकमा समस्या सिर्जना भईरहेको सन्दर्भमा बिना कुनै सम्झौता, बिना कुनै सहमति, बिना कुनै गाउँपालिकाको आधिकारिक सुचना र शुभकामना आफै कपोकल्पित विज्ञापन, सूचना, सचेतामुलक सन्देश, शुभकामना आफ्नो मिडियामा

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

प्रकाशन, प्रशारण गरि एकैपल्ट भुक्तानीको निबेदन सहित आफुले प्रकाशन, प्रशारण गरेको सामाग्री नत्थी गरि ल्याउने प्रबृति देखिएको र भुक्तानी सम्बन्धमा बिभिन्न बिवाद तथा समस्याहरू सिर्जना भएकोले उक्त प्रबृत्तिका कुनैपनि सामाग्रीहरूको भुक्तानी नदिने निर्णय गरियो ।

## ५. गत आ.व.हरूका महालेखा परिक्षकको लेखा परिक्षण प्रतिवेदनमा उल्लेख गरिएको बेरूजु सम्बन्धमा ।

५. यस गढवा गाउँपालिकाको बिगतका आ.व. हरूमा भए गरेको बजेट बमोजिमको योजना तथा कार्यक्रम अर्न्तगतका चालु तथा पुँजिगत प्रकृतिका खर्चहरूमध्ये केही शीर्षकहरूमा बेरूजु औल्याईएको असान्दर्भिक देखिएकोले सो सम्बन्धमा आवश्यक छलफल तथा बेरूजु नियन्त्रण र बेरूजु घटाउने उद्देश्यले एउटा बेरूजुसंग मात्र सम्बन्धीत छुट्टै बैठक यथाशिघ्र बस्ने निर्णय गरियो ।

## ६. वडा नम्बर ५ को मसलन्द खर्चको भुक्तानी सम्बन्धमा ।

६. गढवा गाउँपालिका वडा नम्बर ५ को तर्पाशल बमोजिमको मसलन्द खर्च स्वीकृत गरि सोही बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

तर्पाशल :

| क्र.सं. | खर्च शीर्षक | महिना | रकम |
|---|---|---|---|
| १ | विपद व्यवस्थापन आकस्मिक खर्च | मिति २०७९/०६/१८ गतेको अविरल वर्षाले | १५,०४५।- |
| २ | विधुत प्राधिकरणको विल भुक्तानी | २०७९ पौष महिनाको खपत युनिटको विल भुक्तानी | ५,३५०।- |
| ३ | अन्य वडागत मसलन्द खर्च | | ३८०।- |

## ७. गोबरडिहा आयुर्वेदिक औषधालयको नयाँ भवन निर्माणका लागि सम्झौता सम्बन्धमा ।

७. गढवा गाउँपालिका वडा नम्बर ३ स्थित संचालित गोबरडिहा आयुर्वेदिक औषधालयका लागि लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय अर्न्तगत स्वास्थ्य निर्देशनालयको चालु आ.व. २०७९/०८० को बजेटमा भवन निर्माण शीर्षकमा ५० लाख रूपैया विनियोजन भएको सन्दर्भमा उक्त विनियोजित रकम ८० प्रतिशत कायम हुनेगरि योजनाको कुल लागतको बाँकी २० प्रतिशत हुन आउने रकम (रू १२,८६,८२६।१२ अक्षरेपी बाह्र लाख छयासी हजार आठ सय छब्बिस रूपैया बाह्र पैसा) यस गढवा गाउँपालिकाको चालु आ.व. को समपुरक कोषबाट व्यहोर्ने गरि योजना कार्यान्वय गर्ने । उक्त भवन निर्माण कार्य हालको गोबरडिहा आयुर्वेदिक औषधालयको परिसर भित्र निर्माण गर्नेगरि भवन निर्माण कार्यका लागि लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय अर्न्तगत स्वास्थ्य निर्देशनालयसंग सम्झौता गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner